- विद्यालयमा निकासा भएको रकमको पारदर्शिता एवं विद्यालयका अन्य गतिविधिहरुको बारेमा २०७६ भाद्र महिना भित्र अनिवार्य सामाजिक परीक्षण (Social Audit) गरी सो को प्रतिवेदन पेस गर्ने ,
- शैक्षिक सत्र २०७५ को शिक्षक तथा कर्मचारीको विदा रेकर्ड २०७६ बैशाख भित्र अनिवार्य रुपले प्रमाणित गरी अभिलेख राख्ने ,
- शिक्षक वा कर्मचारी काजमा बसेको अवस्थामा त्यसको बोधार्थ यस कार्यालयमा अविलम्ब पठाउने व्यवस्था गर्ने
- कक्षाकोठाहरु बालमैत्री बनाउनुका साथै बालमैत्री शिक्षणमा जोड दिने ,
- शिक्षाका लागि खाद्य कार्यक्रम लागुभएका विद्यालयमा त्यसको प्रभावकारी उपयोग गर्ने व्यवस्था मिलाउने ,
- कक्षा ११ र १२ सञ्चालित विद्यालयमा पठनपाठन कम हुने गरेको गुनासोलाई मध्यनजर गरी शिक्षक विद्यार्थीको नियमित उपस्थिति सुनिश्चित गर्ने र अनिबार्य रुपमा कोर्ष पुरा गर्न व्यवस्था मिलाउने ,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायका अन्य संस्थामा परेका उजुरी भए समयमा फछ्र्यौट गर्न पहल गर्ने ,
- शिक्षण सिकाइका क्रममा पाठ्यक्रम शिक्षक निर्देशिकाको प्रयोग अनिवार्य गर्ने व्यवस्था मिलाउने ,
- कक्षामा कम्जोर विद्यार्थीको पहिचान गरी Remedial Teaching मा जोड दिने ,
- विद्यार्थी पठन सामाग्री विना र शिक्षक सन्दर्भ सामाग्री विना विद्यालयमा जाने संस्कारको अन्त गरी प्रत्येक विद्यार्थी आवश्यक सामाग्री सहितको झोला र प्रत्येक शिक्षक आवश्यक सन्दर्भ सामाग्री सहितको झोला सहित विद्यालयमा जाने व्यवस्था मिलाउने ,
- प्रत्येक दिन विद्यार्थीको उपस्थितिको जानकारी लिन PAT Board (Present, Absent,Total) राख्ने र त्यसको अभिलेख रजिष्टरमा कायम गर्ने ,
- समयमा शैक्षिक उपलब्धी र विद्यार्थीको स्तरका बारेमा शिक्षक स्टाफ बैठक एवं वि.व्य.स बैठकमा शिक्षकले विषयगत रुपमा र प्र.अ ले समग्रमा Reporting गर्ने र सुधारका उपाय पहिल्याउने ,
- SEE ,कक्षा ११ र १२ को परीक्षाको तयारीका लागि Dummy Exam सञ्चालन गरी त्यसको नतिजा विश्लेषण गर्ने र विद्यार्थीहरुलाई जानकारी गर्ने ,
- प्रथम त्रैमासिक दोस्रो त्रैमासिक तेस्रो त्रैमासिक र बार्षिक परीक्षा उपयुक्त समयमा सञ्चालन गर्ने ,
- प्रत्येक महिनाको अन्तमा विद्यार्थी उपस्थिति अनुपात निकाली अभिलेख राख्ने ,
- EGRP लागु भएका विद्यालयमा प्राप्त सामाग्रीहरुको उचित सदुपयोग गर्ने ,
- आफ्नो सेवा क्षेत्रको NER र GER एवं विद्यालय बाहिर रहेका विद्यार्थीहरुको तथ्याङ्क निकाल्ने ,
- विद्यालयमा भर्ना भई भारत जाने एवं घरायसी कामकाजमा व्यस्त हुने विद्यार्थीहरुका सन्दर्भमा सम्बन्धित अभिभावकहरुसंग समन्वय गरी नियमित हुने व्यवस्था मिलाउने ,
- सामुदायिक विद्यालयको स्तर सुधार गर्न उपयोगी र आ आफ्नो सापेक्षतामा अवलम्बन गर्न सकिने उपायहरु खोजी त्यसको आधारमा प्रयत्न गर्ने ,

बोधार्थ
श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
बर्दिया ..., जाजरकोट
कर्णाली प्रदेश, नेपाल

शाखा अधिकृत